PORTLAND PARKS & RECREATION

Healthy Parks, Healthy Portland

**सामुदायिक बगैँचा सम्बन्धी नीतिहरू**

1. तपाईंलाई वर्षै भरि काम गर्न बगैँचामा स्वागत छ। बाली रोप्ने मुख्य मौसम (अप्रिल – अक्टोबरसम्म) मा निम्न कामहरू गरेर तपाईं आफ्नो जमिनको प्रयोग गर्नुहुनेछ:

    - रोप्नका लागि माटो तयार गरेर।
    - बाली रोपेर र उमारेर।
    - पाकेको बाली टिपेर।
    - फूल वा फल लागेको विरूवा मुनिको झार गोडेर।
    - भुइँमा झर्नु भन्दा पहिले नै आफूले राख्न चाहेको बीउ जम्मा गरेर।

2. तपाईंले बगैँचामा सक्रिय रूपमा काम नगरेको बेला, आफ्नो बगैँचाको जमिनलाई निम्न प्रकारले रेखदेख गर्दै गर्नुहोस्:

    - फुल वा फल लागेको विरूवा मुनिको झार गोडेर।
    - रोग लागेर वा किरा लागेर मरेका वा सुकेका बोट बिरुवाहरू उखेल्नुहोस्।
    - प्रयोग नआएकाका मौसम अनुसारका सामग्रीहरू जस्तै गोलभेँडाको विरूवा छोप्ने डोको, स-सना खम्बा, काठ वा धातुका जालीहरू, तथा काठहरूलाई राम्ररी मिलाएर राखेर।

3. आफ्नो जमिनसँग जोडिएको बाटो र छेकबारहरूको रेखदेख गर्नु तपाईंको जिम्मेवार हो।

    - तपाईंको जमिनसँग जोडिएको बाटोलाई अरू मानिसहरूले सजिलै हिँडडूल गर्न सक्ने गरि 2.5 देखि 3 फिट फराकिलो र सम्म राख्नुहोस्।
    - यदि तपाईंको जमिनले छेकबारहरूलाई छुन्छ भने सो वरीपरीका बाटोहरूमा भएका र छेकबारको बाहिरपट्टिको पनि झारपात उखेल्नुहोस्।
    - आफ्ना चीजबीजहरू आफ्नो जमिन भित्र राख्नुहोस्।
    - बिरुवाहरूलाई आफ्नो जमिनको सिमाना भित्रै रोप्नुहोस्।

4. पोर्टल्याण्ड निकुञ्ज तथा मनोरञ्जन केन्द्रले फोहोर वा झारपात उठाउँदैन। तपाईंले आफ्नो जमिनको झारपात र फोहरहरूको व्यवस्थापनका आफै गर्नुपर्छ।

    - तपाईं झारपातहरूलाई आफ्नो जमिन भित्र कुहाएर मल बनाउन, गाड्न वा यसलाई घरको फोहर फाल्ने भाँडोमा फाल्न सक्नुहुन्छ।
    - त्यस्ता फोहोर वस्तुहरूलाई बगैँचा भित्र वा बाहिर कहीँपनि थुपारेर नराख्नुहोस्।

5. आफ्नो बगौँचामामुसाहरू तथा टोक्ने किराहरूलाई आफ्नो घर बनाउन नदिनुहोस्।

- फोहरका थुप्राहरू हटाउनुहोस् र कुहाएर मल बनाउने थुप्रोलाई नियमित रूपमा पल्टाउनुहोस्।
- बाली पाकिसकेपछि बाली टिप्नुहोस् तथा घरको भान्साबाट निसक्ने फोहोर खानेकुरा अलग्गै फाल्नुहोस्।
- लामखुट्टेलाई अण्डा पार्न नदिन 3 दिन भन्दा बढी समय देखि जमेको पानीलाई बगाउनुहोस्।

6. जैविक बगैँचा हुनु आवश्यक छ।

- जैविक मल, झार मार्ने वा किरा मार्ने औषधिहरू मात्र प्रयोग गर्नुहोस्।
- यदि आफूले प्रयोग गर्न चाहेको कुनै औषधि वा वस्तु प्रयोग गर्ने अनुमति छ वा छैन भन्ने बारे तपाईंलाई थाहा नभएमा, जैविक वस्तु समीक्षा संस्थानको वेबसाइट www.omri.org मा यस बारे खोजी गर्नुहोस् वा मास्टर गार्डनरको हटलाइन 503-655-8631 मा फोन गर्नुहोस्।

7. आफ्नो सामुदायिक बगैँचामा वर्षमा कम्तिमा पनि 6 घण्टा काम गर्नुहोस् र त्यसको विवरण राख्नुहोस्। जुन 30 सम्ममा तीन घण्टा र अक्टोबर 31 भित्र 6 घण्टा पूरा काम गरेको हुनुपर्छ।

- तपाईंको काम गरेको समय रूपमा गणना गरिने बगैँचामा गर्नुपर्ने कामहरूको सूचीका लागि तपाईंको बगैँचाको व्यवस्थापकलाई सम्पर्क गर्नुहोस् वा प्राय: सोधिएका प्रश्नहरू अर्थात् FAQ पढ्नुहोस्।
- यदि तपाईंले असक्षमता वा व्यक्तिगत परिस्थितिको कारण आफ्नो सेवा गर्ने घण्टा पूरा गर्न सक्नुभएन भने, छूट पाउने अनुरोध गर्न कर्मचारीलाई सम्पर्क गर्नुहोस्।
- काम पूरा नगर्ने र काम गरेको समयको विवरण नराख्ने अथवा लगातार 2 वर्ष सम्म छुटको लागि अनुरोध गर्ने मालीहरूलाई आरक्षण नवीकरण गर्ने अनुमति दिइने छैन र उनीहरूको जमिन अरूलाई दिइनेछ।

## मालीको उत्तरदायित्व तथा नीतिको कार्यान्वयन

मालीहरू बगैँचाका नीतिहरूको पालन गर्ने कुराका लागि जिम्मेवार हुन्छन्। कर्मचारी तथा स्वयंमसेवक बगैँचा व्यवस्थापकहरूले वर्षै भरि जमिनको अनुगमन गर्नेछन्। यदि कुनै मालीले बगैँचाका नीतिहरूको पालन नगरेको पाइएमा, कर्मचारीले उसलाई एउटा चेतावनी पठाउनेछ।

- यदि कुनै बगैँचाको जमिन रोप्ने मुख्य मौसम (अप्रिल – अक्टोबर) मा बाँझो देखिएमा, बगैँचाको कर्मचारीले यसबारे जमिनको जिम्मेवारी लिएको व्यक्तिसँग सोध्नेछ। जमिनको जिम्मेवारी लिएको व्यक्तिले 2 हप्ता भित्र यसको जवाफ दिएर बागैँचाको काम सुरु गर्नुपर्छ। यदि 2 हप्ता पछि पनि कुनै काम भएको पाइएन भने, जमिन अरूलाई जिम्मा दिइनेछ।
- कुनै मालीले रोप्ने मौसमको समयमा तीन पटक चेतावनी पाउँछ भने, उससँग परीक्षण अवधिमा जाने विकल्प बाँकी रहन्छ र उसले आफ् जमिन आफूसँगै राख्नका लागि बगैँचाको काम सम्बन्धी योजना बनाउन कर्मचारीहरूसँग मिलेर काम गर्दछ।
- एक वर्ष भित्र चारपटक चेतावनी पाउने मालीहरूको आरक्षण रद्द हुनेछ र जमिन अरूलाई जिम्मा दिइनेछ।
- मालीहरूले सामुदायिक बगैँचा कार्यक्रम संयोजकलाई अनुरोध गरेर चेतावनी र जमिनको आरक्षण रद्द गर्ने निर्णयमा पुनर्विचार गर्न अनुरोध गर्न सक्छन्। उक्त पुनर्विचार सम्बन्धी अनुरोध सामुदायिक बगैँचा कार्यक्रम संयोजक, पुनर्विचारको अनुरोध गर्ने व्यक्तिले काम गर्ने बगैँचाको बगैँचा व्यवस्थापक, र मालीकै जातीय समूहको सदस्य भएको र/वा मालीकै भाषा बोल्ने (सम्भव भएसम्म) अर्को एकजना बगैँचा व्यवस्थापकद्वारा समीक्षा गरिनेछ।

उत्तरदायी ठहर नगराउने बयान:

सामुदायिक बगैँचाको लागि छात्रवृत्ति सहयोग भुक्तान गरेर वा प्राप्त गरेर, सहभागीले कार्यक्रमको नीति तथा कार्यविधिहरूको पालन गर्न र पार्क तथा मनोरञ्जन विभाग, सामुदायिक बगैँचा कार्यक्रम, पोर्टल्याण्ड सहर, जग्गाधनी र यसका मोही, तथा उनीहरूका अधिकृत, एजेन्ट, तथा कर्मचारीहरूलाई सहभागी, सहभागीको सह-माली वा अन्य अतिथिहरूद्वारा बगैँचाको भोग र/वा प्रयोगको कारण जग्गा वा सम्पत्तिमा भएको कुनैपनि क्षति वा कुनैपनि व्यक्तिको चोटपटक वा मृत्युको कारणले वा सोको फल स्वरूप उत्पन्न भएको सम्पूर्ण क्षति, दाबी, माग, मुद्दा, र कारबाहीबाट सुरक्षा प्रदान गर्न, बचाउ गर्न, र उत्तरदायी ठहर नगर्न सहमत भएको छ।

अपाङ्गता भएका अमेरिकीहरूको ऐन (**ADA**) को कथन:

सहर कार्यक्रम, सेवा, तथा क्रियाकलापहरूमा समान पहुँच प्रदान गर्न, पोर्टल्याण्ड सहरले उचित रूपमा नीति तथा कार्यविधिहरू परिमार्जन गर्नेछ र अपाङ्ग व्यक्तिहरूलाई सहायक सामाग्री तथा सेवाहरू प्रदान गर्नेछ। यस्तो कुनै पनि अनुरोध भएमा 503-823-1612 (TTY 503-823-6868) मा फोन गरेर सामुदायिक बगैँचा कार्यक्रमको कर्मचारीलाई सम्पर्क गर्नुहोस्।

गैर-भेदभावको सूचना:

पोर्टल्याण्ड निकुञ्ज तथा मनोरञ्जन कार्यक्रम तथा सेवाहरूले हाम्रो समुदायको सांस्कृतिक विविधता झल्काउँछन्। हामी धर्म, जाति, रङ्ग, लिङ्ग, राष्ट्रिय मूल, यौन झुकाउ, उमेर वा क्षमताका आधारमा भेदभाव गर्दैनौं।